बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८१।८२
च.नं. राजश्व शाखा/...............
मितिः २०८२।०२।०२

## बेसीशहर नगरपालिकाको वजार ब्यवस्थापन सम्बन्धी जरुरी सूचना

१. आफ्नो ब्यवसाय सम्बन्धित निकायमा दर्ता, सूचिकृत तथा नवीकरण गरेर मात्र सञ्चालन गर्ने । सबैले देख्ने गरी मूल्यसूची र साईन बोर्ड, होडिङ बोर्ड राख्ने ।
२. कुहिएका, मिति सकिएका, झिंगा भन्किएका, अखाध्य सामानहरुको विक्री वितरण नगर्ने नगराउने ।
३. बिषादियुक्त आँप तथा अन्य फलफूल तरकारीहरु किनबेच नगर्ने ।
४. ब्यवसायीहरुले यात्रु तथा सवारी साधनलाई असर पर्ने गरी विक्रीका सामानहरु नाली र सडक पेटीसम्म नराख्ने ।
५. मदिरा तथा सूर्तीजन्य र ठूला करदाताहरुले अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर (भ्याट) मा दर्ता गरी वील विजक जारी गर्ने । कर छली नगर्ने ।
६. मदिरा तथा सूर्तीजन्य वस्तुहरुको कुनैपनि संचार माध्यम वा अन्य साइनबोर्ड एवं होर्डिङ्ग बोर्डहरुमा विज्ञापन नगर्ने, नगराउने । विद्यालय तथा अस्पतालको २०० मिटर भित्र कुनैपनि मदिरा तथा सुर्तिजन्य सामान विक्री तथा विज्ञापन नगर्ने । अनुमति नलिई अप्रशोधित रुपमा तयार गरिएका घरेलु मदिराहरु जथाभावी विक्री वितरण नगर्ने, सेवन नगर्ने ।
७. यात्रुवाहक सवारी साधनहरुले मुख्य चोकहरु वाहेक जथाभावी रोकी यात्रुहरु नओराल्ने तथा वजार क्षेत्रमा पार्किङ्ग नगरी बसपार्कमा ब्यवस्थापन गर्ने । निजी प्रयोगका सवारी साधनहरु ट्राफिक कार्यालयले तय गरेअनुसार एकातर्फ मात्र पार्किङ्ग गर्ने, ब्यवस्थित गर्ने ।
८. ठूला मालवाहक सवारी साधनहरुले कार्यालय समय तथा विद्यालय समयमा वजार क्षेत्रमा प्रवेश नगर्ने । विहान ८ः०० बजेदेखि साँझ ६ः०० बजेसम्म मुख्य वजार र मुख्य चोकहरुमा कुनैपनि निर्माणका सामाग्री तथा खाद्यवस्तुहरु लोडअनलोड नगर्ने नगराउने ।
९. ब्यवसायिक तवरबाट सामान विक्रीका लागि वाहिरी जिल्लाहरुबाट भित्रने सवारी साधनहरुले बेसीशहर नगरपालिकाको अनुमति लिएर मात्र विक्री वितरण गर्ने ।
१०. प्लाष्टिकजन्य फोहर वस्तुहरु जथाभावी नफालौं, नजलाउँ, धुँवा धुलो आदिबाट वातावरण प्रदुषण नगरौं ।
११. सम्बन्धित कार्यालयहरुबाट भएका वजार अनुगमनका क्रममा माथि उल्लेखित कार्यहरु भए गरेका पाइएमा नियमानुसार कार्यवाही गरिने ब्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

बेसीशहर नगरपालिका, लमजुङ
चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत